# भाग ५

## नेपाल सरकार

## कृषि विकास मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको नियम ७ सँग सम्बन्धित अनुसूची - ३ मा नेपाल कृषि सेवाको देहायका समूहहरुको राजपत्रअनंकित प्रथम श्रेणीको पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता देहाय बमोजिम हुने गरी हेरफेर तथा थप घट गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| |
|---|
| **वागवानी, कृषि प्रसार, बाली संरक्षण, बाली विकास, माटो विज्ञान र एगृ.इको. एण्ड मार्केटिङ्ग समूहहरुको लागिः** |
| कृषि विज्ञान विषय लिई प्रविणता प्रमाण-पत्र तह (आइ.एस्सी.एगृ.) उतीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उतीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in plant Science) उतीर्ण वा जे.टी.ए. कोर्ष उतीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण-पत्र) उतीर्ण । |
| **मत्स्य विकास समूहको लागिः** |
| कृषि वा पशु विज्ञान विषय लिई प्रविणता प्रमाण-पत्र तह (आइ.एस्सी.एगृ.) उतीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उतीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशु विज्ञान विषयमा डिप्लोमा उतीर्ण वा जे.टी.ए. कोर्ष उतीर्ण गरी कृषि वा पशु विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण-पत्र) उतीर्ण । |
| **ला.पो. एण्ड डे.डे. र भेटेरिनरी समूहहरुको लागिः** |
| पशु विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह (आइ.एस्सी.एगृ) उतीर्ण वा एस.एल.सी. वा टि.एस.एल.सी. उतीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्ष को अवधीको डिप्लोमा उतीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उतीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण-पत्र) उतीर्ण |

आज्ञाले,

जय मुकुन्द खनाल

नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि १५ मात्र लागु हुनेछ।

# निर्वाचन आयोगको

## सूचना-१

सम्बत् २०७१ साल असार ८ गते चितवन जिल्ला निर्वाचन क्षेत्र नं. ४, कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६, काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. २, र वर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. १ मा सम्पन्न हुने संविधान सभा सदस्यको उपनिर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय रुपमा सम्पन्न गर्नका लागि आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा ३९, ७०, ९०, ९१, ९२ र ९६ (३) तथा सोही आचार संहिताको अनुसूची-२ को खण्ड (ख) र अनुसूची-४ का व्यवस्थाहरु उल्लिखित उपनिर्वाचनको प्रयोजनको लागि लागू नहुने गरी र अन्य व्यवस्थाहरु मिति २०७१।१।५ देखि लागू हुने गरी तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(क) नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था, स्थानीय निकाय र राजनैतिक दलको हकमा मिति २०७१ साल वैशाख ५ गतेदेखि,

(ख) उम्मेदवारको हकमा निर्वाचनको मनोनयन पत्र दर्ता भएको मितिदेखि,

(ग) गैर सरकारी संस्था तथा निजी सञ्चार माध्यमको हकमा उमेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको मितिदेखि ।

## सूचना-२

सम्बत् २०७१ साल असार ८ गते चितवन जिल्ला निर्वाचन क्षेत्र नं. ४, कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६, काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. २ र वर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. १ मा सम्पन्न हुने संविधान सभा सदस्यको उपनिर्वाचनमा मिति २०७१।०१।०८ गतेदेखि लागू हुने गरी संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० मा देहाय बमोजिम परिमार्जन भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



१९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा २७ को प्रारम्भमा **"निर्वाचन प्रचार प्रसारका क्रममा मोटरसाईकल, मोटर तथा सवारी साधन सम्बन्धी ऱ्याली गर्नु हुँदैन तथा"** भन्ने शब्दहरु थप गर्ने गरी,

(२) दफा ५७ र ५८ का व्यवस्थाहरुलाई उपनिर्वाचन हुने जिल्लामा मात्र लागू हुने गरी,

(३) दफा ६१ मा रहेका **"मन्त्रिपरिषदका अध्यक्ष"** भन्ने शब्दहरुको सट्टा **"प्रधानमन्त्री"** भन्ने शब्द राख्ने गरी,

(४) दफा ६५ र ६६ का व्यवस्थाहरु सम्बन्धित उपनिर्वाचन हुने जिल्लाको हकमा मात्र लागू हुने गरी ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-३

काठमाण्डौ जिल्ला निर्वाचन क्षेत्र.नं. २, चितवन जिल्ला निर्वाचन क्षेत्र नं. ४, बर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. १ र कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६ मा सम्वत् २०७१ साल असार ८ गते हुने संविधानसभा सदस्यको उपनिर्वाचन प्रयोजनको लागि संविधानसभा सदस्य निर्वाचन नियमावली, २०७० को नियम ४ को उपनियम (१) बमोजिम निर्वाचन आयोगबाट देहायबमोजिम निर्वाचन कार्यक्रम स्वीकृत गर्ने निर्णय गरेकोले सोही नियमको उपनियम (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

### संविधान सभा सदस्य उपनिर्वाचन, २०७१
### पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम

| क.सं. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७१।२।११ | २०७१।२।११ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय, जिल्ला सदरमुकाम | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७१।२।१२ | २०७१।२।१२ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७१।२।१३ | २०७१।२।१३ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७१।२।१४ | २०७१।२।१४ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७१।२।१५ | २०७१।२।१५ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७१।२।१६ | २०७१।२।१६ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७१।२।१७ | २०७१।२।१७ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७१।२।१८ | २०७१।२।१८ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ९ | मतदान गर्ने | २०७१।३।८ | २०७१।३।८ | ७.०० | १७.०० | सम्वन्धित मतदान केन्द्र | |

**द्रष्टव्य :**

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका/ विद्युतीय मतदान यन्त्र मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

आज्ञाले,
**महेश्वर न्यौपाने**
निमित्त सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८